नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, चैत १७ गते २०५९ साल (संख्या ५०

भाग ३

श्री ५ को सरकार

सूचना तथा सञ्चार मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम ११ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी यु. एन्. डी. पी. को सहयोगमा कार्यान्वयन हुने RAS/01/H02 Empowering Women and Girls in Poor Committee through Information Delivery and Dialogue to Address HIV/AIDS and Development Needs आयोजनाको कार्यान्वियनको सिलसिलामा आयात गरी प्रयोग गरिने ४०० थान स्याटेलाइट रिसिभरहरूको लागि उक्त नियमावलीबमोजिम लाग्ने लाइसेन्स दस्तुर रु. ३,२०,०००।- (तीन लाख बीस हजार मात्र) छुट दिने निर्णय गरेकाले यो सूचना प्रकाशन गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना २

श्री ५ को सरकारले रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम १८ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी देहायका रेडियो यन्त्रहरू उपभोक्ताले राख्न तथा प्रयोग गर्नका लागि लाइसेन्स लिनुनपर्ने गरी तोकेको छ ।

(क) एम्. एम्. डी. एस्. डिकोडर,

(ख) स्याटेलाइट डिकोडर / इनकोडर र स्याटेलाइट रिसिभर ।

आज्ञाले,
मुकुन्द शर्मा पौड्याल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।